# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल

पत्र संख्या :-०७८/०७९
चलानी नं. :-

मिति :-२०७८/०५/२९

मरिण गाउँपालिका कार्यपालिकाको कार्यालय कपिलाकोट, सिन्धुली बागमती प्रदेश, नेपाल २०७३

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**प्रकाशित मिति :-२०७८।०५।२९**

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस मरिण गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक **प्राविधिक सहायक** पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध ।

| विज्ञापन नं. | पद/तह | सेवा/समूह | माग संख्या | न्युनतम शैक्षिक योग्यता | परीक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| ०४-२०७८/७९ | प्राविधिक सहायक (पाँचौ तह) | इन्जिनियरिङ/सिभिल | १ | सिभिल इन्जिनियरिङमा प्रवीणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण | ६०० | |

१. अनुभव र सीप
  (क) कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको ।
  (ख) पुर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाका लक्ष्य र परिणाम हासिल गर्न टोलिमा काम गरेको अनुभव, पारस्परिक सम्बन्धी सीप सहित कम्तिमा ६ महिनाको अनुभव भएको ।

२. दरखास्त दिने स्थानः- मरिण गाउँपालिकाको कार्यालय ।

३. उम्मेदवारको उमेरको हदः दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भै ४५ वर्ष ननाघेको ।

४. दरखास्त दिने अन्तिम मितिः- २०७८।०६।१२ गते

५. छनौटको किसिम :- योग्यताको प्रारम्भिक सूची प्रकाशन र लिखित परीक्षा ।

६. आवेदन साथ संलग्न कागजातहरुः-
  क) नेपाली नागरिकताको प्रतिलिपी
  ख) न्यूनतम योग्ताको लब्धाङ्क प्रमाणपत्र प्रतिलिपी
  ग) चारित्रिक प्रमाणपत्र प्रतिलिपी
  घ) अनुभव खुल्ने कागजात
  ङ) ३ प्रति पासपोट साइजको फोटो

७. सेवा सुविधाः- गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा (११), (१२) र (१३) बमोजिम हुनेछ।

८. अवधिः- करार अवधि आ.व. ०७८।०७९ सम्म हुनेछ। कार्य सम्पादन र मूल्याङ्कनको आधारमा करार अवधि थप्न सकिनेछ।

९. पदले सम्पादित गर्नेपर्ने कार्यविवरणः- गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा (९) बमोजिम हुने छ।

१०. परीक्षा तालिका दरखास्त दिने अन्तिम मितिको भोलीपल्ट प्रकाशन गरिनेछ।

**नोटः-** आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण, पाठ्यक्रम लगायत अन्य जानकारी www.pmep.gov.np वा www.marinmun.gov.np मा उपलब्ध छ ।

**बिनोद पोखरेल**
**प्रमख प्रशासकीय अधिकृत**